## प्रगतिशील इञ्जिनियर्स एसोसियसन नेपाल (पिन) को केन्द्रीय कमिटी बैठक तथा कार्यशालाको अवसरमा

## पिनका अध्यक्षले दिनुभएको मन्तव्य

प्रमुख अतिथिज्यू

विशिष्ठ अतिथिज्यू

अतिथिज्यूहरु

पिन केन्द्रीय कमिटीका पदाधिकारीज्यूहरु, पूर्व पदाधिकारीज्यूहरु

पिन केन्द्रीय कमिटीका सदस्यज्यूहरु

विभिन्न पेशा,व्यवसायमा आबद्ध इञ्जिनियर महानुभावहरु

सुभेच्छुक मित्रहरु

मिडियाकर्मीहरु

२०७९ मंसिर ४ मा सम्पन्न संघ तथा प्रदेशको निर्वाचनमा पाँच दलीय गठबन्धन, पार्टी विभाजनको कुत्सित प्रयास, नेतृत्वमाथि निरन्तरको प्रहार जस्ता चौतर्फी घेराबन्दीका बावजुद नेकपा (एमाले) समानुपातिकतर्फ सबभन्दा बढी मत प्राप्त गरी नेपाली जनताको पहिलो रोजाइको पार्टीका रुपमा स्थापित भएको छ । यसबाट नेपाली जनताको दीर्घकालीन आशा—भरोसाको केन्द्र, विकास र समृद्धिको सम्वाहक,सबै समुदायको साझा केन्द्र र आमूल परिवर्तनको अगुवा पार्टी नेकपा (एमाले) नै हो भन्ने पुनर्पुष्टि भएको छ । यस प्रतिकूल परिस्थितिमा यसका लागि अहोरात्र खट्नुहुने सबै इन्जिनियर, पेशाकर्मी, नेता—कार्यकर्ताहरुलाई हार्दिक धन्यवाद तथा बधाई ज्ञापन गर्दछु ।साथै काठमाडौं क्षेत्र नम्बर ६ को प्रदेश (क) बाट निर्वाचित हुनु भएका हाम्रा संगठनका उपाध्यक्ष क. अमन मास्के लगायतका सम्पूर्ण प्रत्यक्ष तर्फबाट विजयी तथा समानुपातिक सूचीबाट छनौट हुनुभएका माननीयज्यूहरु लाई बधाई प्रकट गर्दछौ ।

निर्वाचनबाट पाँच दलीय गठबन्धनले बहुमत गुमाएको र कुनै एक दलले बहुमत प्राप्त गर्न नसकेको अवस्थालाई नेकपा (एमाले) विरुद्धको मोर्चाबन्दीलाई अझ कसिलो बनाउने, मुलुकलाई अधोगतितिर लैजाने, विभिन्न शक्ति केन्द्रहरुको क्रिडास्थल बनाउने र राष्ट्रिय शक्तिलाई कमजोर बनाउने गलत अभ्यास सुरु भएको देखिन्छ । यसबाट जनमतको निर्णयको सही कार्यान्वयन हुने, मुलुकभित्र विदेशी चलखेलहरु बन्द हुने, विचार मिल्ने दलहरुका बीचमा समयक्रममा सहकार्यले घनिष्टता प्राप्त गर्दै जाने, जनताको समृद्धि र सुशासनको चाहनालाई सही दिशा दिने, राष्ट्रिय हितको प्रबर्द्धन गर्ने र परिवर्तनप्रेमी आम जनताको मनोबल उच्च राख्ने अवस्था निर्माण हुन नसक्ने अवस्था देखिएको छ । नेपालको राष्ट्रिय एकता, राष्ट्रिय हित र सार्वभौमिकताको सुदृढीकरणका लागि सबै राजनीतिक दलहरु एकताबद्ध हुनुपर्नेमा कतिपय दल र तिनका नेताहरुले आफ्नो क्षणिक राजनीतिक स्वार्थका लागि शक्ति केन्द्र धाउने, सरकार बनाउन विदेशीलाई गुहार्ने र नेपालको निर्णय नेपालीले आफैं गर्न सक्दैनन् भन्ने सन्देश प्रवाह गर्नु विडम्बापूर्ण छ ।

विश्व राजनीतिमा देखिएको विभिन्न मुलकहरुबिचको अन्तरद्वन्द्व र यसबाट सिर्जित असन्तुलित अर्थतन्त्रबाट मुलुक जर्जर आर्थिक अवस्था, आर्थिक मन्दीको कारण थप मारमा परेको अवस्था छ । यस अवस्थाबाट देशलाई जोगाएर जनताको अपेक्षाहरु पूरा गर्नुपर्ने दायित्व हाम्रो पार्टी तथा संगठनको अहम भूमिका रहेको छ । सुशासन र समृद्धिलाई मुख्य कार्यसूची बनाएर जनताको दैनिक समस्याहरु तत्काल सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउदछौ । बढ्दो मूल्यबृद्धि, कालोबजारी, दण्डहीनता, प्राज्ञिक तथा तटस्थ संस्थाहरुको चरम राजनीतिकरण, सरकारी निकायहरुमा सेवाग्राहीहरुले लाग्नुपर्ने लामो लाम, पेशामा भैरहेको मिचाहा व्यवहार, सीमा नाकाहरुबाट भइरहेको तस्करी, महिलाहरुमाथि भइरहेका जघन्य अपराधहरु, छुवाछूतका नाममा भइरहेका अमानवीय कामहरु, सार्वजनिक तथा निजामती क्षेत्रमा रहेका विभिन्न ऐन तथा नियमावलीको अभाव, राज्य संयन्त्रबाट निश्चित व्यक्ति र घरानाहरुले पाइरहेको अनुचित

लाभ, नागरिकहरुले न्यूततम रुपमा पाउन नसकेको स्वास्थ्य सेवा जस्ता समस्याहरु अविलम्ब समाधान गर्नका लागि सरकारसँग PEAN जोडदार माग गर्दछ ।

हामी जस्ता जनसंगठनहरु आम जनसमुदायतमा पुग्ने भरपर्दा पेशागत संगठनहरु भएकाले जनसंगठनहरु जति सक्रिय हुन्छन्, त्यति नै पार्टीका पक्षमा जनमत तयार हुने, कार्यकर्ता उत्पादन हुने, विषयगत दक्ष जनशक्ति तयार हुने र सम्बन्धित क्षेत्रका जनसमुदायसँग सम्बन्ध घनिष्ट हुने यथार्थलाई मध्यनजर गर्दै बढीभन्दा बढी संगठन विस्तार गर्ने कुरामा जोड दिन चाहन्छौं । त्यसका लागि लक्षित समुहको पहिचान गरी अभियानका रुपमा सदस्यता विस्तारलाई तीव्रता दिने प्रतिबद्धता व्यक्त गर्दछौं ।

आफ्नो वर्ग, समुदाय र पेशाका माग र मुद्दाहरुलाई बलियो गरी नपक्रेसम्म बलियो संगठन बनाउन सकिँदैन भन्नेमा हामी स्पष्ट नै छौं । अतः पार्टीलाई बलियो बनाउन, आफ्नो संगठनलाई नेता संगठनका रुपमा स्थापित गर्न र आ—आफ्नो वर्ग, समुदाय र पेशाका हितहरुलाई प्रबर्द्धन गर्नका लागि सिर्जनशील रुपमा क्रियाशील हुनु पर्ने अवस्था रहेको छ । त्यसका लागि सीधै संगठनमा आबद्ध हुन नचाहने वा नभइसकेका, स्वतन्त्र र समाजमा प्रतिष्ठित व्यक्तिहरुलाई समेत साथमा लिएर रचनात्मक रुपमा आफ्ना पेशागत क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्ने देखिन्छ ।

नेपालको राजनीतिक आन्दोलनको विकास, हाम्रो पार्टीले राजनीतिक परिवर्तनमा खेलेको नेतृत्वदायी भूमिका, पटक—पटकको निर्वाचनमा प्राप्त गरेको लोकप्रियता, नेपाली समाजको जगसम्म पुगेको राजनीतिक संगठन र चेतना निर्माणमा हामीले प्राप्त गरेको सफलतामा आज हाम्रो संगठन मेरुदण्डको रुपमा रहेको छ । यस्ता राजनैतिक संरचना तयार गर्न हाम्रा जस्ता संगठनहरुको ठुलो भूमिका रहेको छ र रहन्छ पनि ।

पार्टीको दशौं महाधिवेशनबाट जनसंगठनहरु संचालन गर्न, जनसंगठन (समन्वय संयन्त्रको निर्माण गरी सबै जनवर्गीय संगठनहरुलाई आ—आफ्नो वर्ग, समुदाय र पेशाको नेतृत्वदाई सस्थाको रुपमा स्थापित गर्दै जनसरोकार, राष्ट्रिय हित र पेशागत

मर्यादाका प्रश्नमा आवश्यकता अनुसार शान्तिपूर्ण जनपरिचालन र वैधानिक आन्दोलनका माध्यमबाट जनदवाव सिर्जना गर्दै अघि बढ्ने कुरामा जोड दिएको छ । राजनीतिक परिस्थिति धेरै बदलिएको छ । राजनीतिक परिस्थति मात्रै होइन, नेपाली समाजको आर्थिक, सामाजिक, सांस्कृतिक र पारिवारिक अवस्था, चिन्तन र मान्यताहरु पनिबदलिएका छन् । अब हामीले संगठनहरुलाई बदलिँदो परिस्थितिमा कसरी अगाडि बढाउने भन्ने सन्दर्भका आजका चुनौतीहरुलाई सही अर्थमा परिभाषित गर्न सक्नुपर्दछ, यसको सहि उत्तर र निश्कर्षले मात्र हामीलाई ठीक ढङगले अगाडि बढाउन सक्दछ । । यो केन्द्रीय कमिटि बैठक र तत् पश्चात हुने कार्यशालालाई यस अर्थमा एउटा निर्णायक विन्दु अर्थात् टर्निङ प्वाइन्टका रुपमा विकास गर्न सक्नुपर्दछ ।तसर्थ जनसंगठनहरुको भूमिकालाई पार्टीको अपेक्षा बमोजिम प्रभावकारी बनाउन यो कार्यशाला आयोजना गरिएको हो ।

## <u>PEAN संचालन र परिचालनमा देखा परेका समस्याहरु</u>

- संगठनको सबै तहमा नियमित अधिवेशन हुन सकेका छैनन् ।
- जनसंगठनले संगठित गर्ने समुदाय र मुद्दाको दोहोरोपनाको स्थिति कायम रहेको देखिन आएको छ ।
- प्रतिस्पर्धावाट श्रेष्ठता हासिल गर्ने जनताको बहुदलीय जनावाद (जबज) को सिद्धान्त अनुसार संगठनभित्र सिर्जनात्मक स्वच्छ प्रतिस्पर्धाको वातावरण बन्न नसक्नु ।
- आजभोलि जनसंगठनहरुमा सार्वजनिक रुपमा उठेका प्रश्नहरुमा गहिरो छलफल गरी त्यसको निष्कर्ष पार्टीलाई बुझाउन नसक्नु ।
- अपेक्षाकृत ढंगले संगठनले आफ्नो संगठनको विस्तार र प्रभाव वढाउन नसक्नु ।
- परिभाषित काम, कार्यशैली र मुल्यांकन व्यवस्थित हुन नसक्नु।

- लोकतन्त्रका लागि गरिने पेशागत आन्दोलन र लोकतन्त्रमा गरिने पेशागत आन्दोलनको भिन्नता पहिचान गरी संगठनलाई बैचारिक र ब्यबहारिक रुपमा रुपान्तरण गर्न नसक्नु ।

**<u>पेशामा देखिएका समस्या र चुनौतीहरु</u>**

- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा देखिएको आर्थिक मन्दीको प्रभाव (मुद्रा स्फिति, चर्को ब्याजदर, महंगी) का कारण पेशामा रहेका सम्पूर्ण पेशाकर्मी र पेशागत व्यावसायको दैनिकीमा पूर्ण प्रभाव देखिन्छ ।महंगी र चर्को ब्याजदरले तोकिएको बेतनमा जिविकोपार्जन असम्भव प्राय भएको छ, त्यसैमाथि पेशामाथिको थिचोमिचो, न्यूनतम बेतन, बढ्दो बेरोजगारी भविश्यमा थप चुनौतिको रुपमा देखा पर्ने निश्चित छ ।
- विभिन्न तह, सेवा, पेशाहरुमा देखिएको चरम भ्रष्टचार र अनियमितताबाट हाम्रो पेशा पनि अछूतो रहन सकेको छैन ।कुनै व्यक्तिगत चरित्रले समग्र पेशालाई इंगित गर्नु न्यायसम्मत हुँदैन । यसलाई समाजिक रुपमा चिर्नु हाम्रो लागि चुनौतिपूर्ण रहेको छ ।साथै सामाजिक हिसाबमा पेशाकर्मी तथा राजनीतिकर्मीहरुलाई सामाजिक सञ्जालमा गरिने टिकाटिप्पणीको अराजक शैलीप्रति PEAN खेद प्रकट गर्दछ र कानुनमा बर्जित कार्यहरुमा संलग्न व्यक्तिलाई कानुनको दायरामा ल्याई नेपालको संविधान र प्रचलित कानुन बमोजिम दण्ड सजाय गर्न आवश्यक देखिन्छ ।
- कार्य स्थलमा रहेका इञ्जिनियरहरुप्रतिको ब्यबहार र घटनाले पेशागत सुरक्षामा ठुलो चुनौती खडा गरेको छ ।
- इञ्जिनियरिङ्ग व्यवसायमा सुनिने बिभिन्न खाले चलखेल, गैरकानुनी क्रियाकलाप र झण्झटिलो व्यवस्थाले पेशाकर्मीहरु दिनानुदिन हतोत्साहित हुदै पेशाप्रति ठुलो वितृष्णा बढ्दै जानु थप चुनौतीको रुपमा रहेको छ ।

- आमनिर्वाचन होस् वा पेशागत क्षेत्रमा हुने निर्वाचन प्रणाली खर्चिलो हुँदै गएकोले संगठनको आर्थिक अवस्था कमजोर हुँदै जानु र राजनीतिक गतिबिधि भन्दा आर्थिक व्यवस्थापनमा संगठन अल्झिनु ठुलो चुनौतिको रुपमा रहेको छ ।
- विभिन्न इन्जिनियरिंग कलेजहरुका स्व. बि. यु. को नेतृत्व र संगठनमा हाम्रो प्रभुत्व रहदा रहदै पनि शैक्षिक उपलब्धि पश्चात पेशा व्यावसायमा स्थापित गर्न/ गराउन राजनैतिक नेतृत्व र सरकारको संयन्त्रको भूमिका महत्वपूर्ण हुने तर सरकार संचालनका सम्बन्धमा पार्टीले दिगो ढंगले नेतृत्व गर्न नपाउदा पेशा व्यवसायमा स्थापित गराउने भएका हाम्रा प्रयासहरुको सफलताको कमिका कारण ने. ई. ए. को निर्वाचनमा हाम्रो संगठनको पक्षमा उभ्याउन नसक्दा ने. ई. ए. को निर्वाचनमा अपेक्षित परिणाम प्राप्त गर्न नसक्नु चुनौतिको रुपमा रहेको छ ।

**आगामी कार्यभार तथा कार्यदिशा**

माथि उल्लेखित वर्तमान राष्ट्रिय तथा अन्तराष्ट्रिय अवस्था, हाम्रो जनसंगठनको अवस्था, समस्या तथा चुनौतिहरुलाई दृढतापूर्वक आत्मसात गर्दै विगतको सिकाई, हाम्रो पार्टी ने. क. पा. एमालेको मार्गदर्शन, अग्रजहरुको सल्लाह सुझाव तथा यो केन्द्रीय कमिटी बैठक तथा कार्यशालाबाट **धुलिखेल संकल्प २०८०** तय भएको निष्कर्ष तथा निर्णयहरुलाई हृदयंगम गर्दै यस संगठनको गरिमालाई आगामी दिनमा अझ उचाइमा पुर्‍याउन जनसंगठनका क्रियाकलापहरुलाई योजनाबद्ध तथा सुदृढ ढंगबाट अघि बढाउनुपर्ने आवश्यकता रहेको छ।

**धन्यवाद ।**